हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : १८२ पृष्ठ : ४ २०७७ माघ २० गते मंगलबार (Tuesday 02 February 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६
यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

• पूर्व सांसद हेम नारायण यादव स्मृति सभा •

# 'हिम्मत भए निर्वाचनमा सहभागी हौ' : प्रम ओली





**सिरहा ।** प्रधानमन्त्री केपी शर्मा ओलीले देश विकास र मुलुकमा शान्ति स्थापना गर्न आफू नेतृत्वको सरकार अझ अपरिहार्य भएकोले नै आफूले संसद विघटन गरेर नयाँ जनमत लिने प्रक्रियामा अगाडि हिडेको दाबी गरेका छन् । उनले हिम्मत भए निर्वाचनमा सहभागी भई जनताको माँझमा आउन आन्दोलनरत पक्षहरूलाई चूनौति समेत दिए ।'अबको संसदलाई फेरि जोडघटाउ र किनबेचको थलो बनाउने प्रयास गरेकोले नै मैले संसदको विघटनको सिफारिस गरेको हुँ, पूर्व सांसद हेमनारायण यादवको १७ औं स्मृतिसभालाई सोमबार सदरमुकाम सिरहामा सम्बोधन गर्दै उनले भने, 'संवैधानिक संकट उत्पन्न हुन लागेको

बाँकी ३ पेजमा

## मांसाहारी भनेको के ? 'चिकेन चिल्ली' भन्न खोजेको त होइन होला ?

*प्रधानमन्त्री केपी शर्मा ओलीले नेकपा प्रचण्ड–माधव समूहमाथि हिंसात्मक आन्दोलन गर्न खोजेको आरोप लगाएका छन् ।*
*प्रचण्डले अब शाकाहारी आन्दोलन गरेर काम छैन भनेको तात्पर्य के हो ? भन्दै ओलीको कटाक्ष थियो 'भन्नुको मतलब मांसाहारी । मंसाहारी भन्नुको चिकेन चिल्ली खान खोजेको पक्कै होइन होला । उहाँले त आदमखोर आन्दोलन गर्न खोज्नुभएको हो । मान्छे मार्ने आन्दोलन गर्न खोज्नुभएको हो ।'*
*'म उहाँलाई भन्न चाहन्छु अबको नेपालमा त्यस्तो आन्दोलन सम्भव छैन । कुनै धृष्टता नगर्नुहोला । हिजोको जमाना अब होइन ।'*
*प्रधानमन्त्री ओलीले भने, 'हिजो केपी ओली प्रधानमन्त्री थिएनन् । झुक्याउन सफल हुनुभयो होला । धेरै युवालाई सुन्दर सपना देखाएर लडाइँको मैदानमा सफल हुनुभएको होला । तर अब कोही अलमलिनेबाला छैनन् ।'*
*प्रचण्डले ४ माघमा आफू निकट विद्यार्थीहरूको भेलालाई सम्बोधन गर्दै शाकाहारी आन्दोलनले मात्र पुग्ने देखिँदैन, आत्रामक हुनुपर्‍यो' भनेका थिए । त्यसको आलोचना भएपछि उनले आफ्नो आशय हिंसात्मक आन्दोलन नभएको बताएका थिए ।*

## सिरहामा प्रधानमन्त्री ओलीलाई कालो झण्डा

# कांग्रेस क्षेत्रिय सभापति देखि नेकपाकै नेता प्रहरी नियन्त्रणमा

**सिरहा ।** सोमबार प्रधानमन्त्री केपी शर्मा ओली स्वर्गीय हेम नारायण यादवको १७ औं स्मृति सभालाई सम्बोधन गर्न सिरहा सदरमुकाम आइपुगेका थिए ।

सोहीक्रममा कालो झण्डा देखाउन खोज्दा नेपाली कांग्रेस सिरहा क्षेत्र नम्बर ३ का सभापति सन्जयप्रकाश यादव, सिरहा नगरपालिका वडा नम्बर ९ का सभापति सभापति शैलेन्द्र यादवलाई प्रहरीले नियन्त्रणमा लिएका थिए । आफूहरूलाई जिल्ला प्रहरी कार्यालयमा ५ घटना राखी रिहा गरेको कांग्रेस क्षेत्रीय सभापति सन्जयप्रकाश यादवले जानकारी गराए ।

यसैगरी, नेकपाको भातृ संगठन युवा संघ सिरहाका संयोजक राजेश यादव (राज), सह–संयोजक आशानन्द यादव, अनेरास्वियुका विद्यार्थी नेता भोलायादव, अरविन्द यादव, पुजन सिहं, अनिल परियार, रविन्द्र साहलगायत नेताकार्यकर्तालाई प्रहरीले नियन्त्रणमा लिएका थिए ।

प्रधानमन्त्री सिरहा सदरमुकाम आएपछि सुरक्षा व्यवस्था कडा गरिएको थियो । सर्वसधारणलाई आवतजावतमा कठिनाई भएको थियो । घर बाहिर निस्किनपनि सुरक्षाकर्मीले नदिएको स्थानीय जितेश कर्णले जानकारी गराए ।

सूचना ! सूचना !! सूचना !!!
MASSEY FERGUSON
मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा
रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट
यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।
गिफ्ट किसिम :
a) Led TV-24"
b) Fridge - 170 Ltr.
c) Leveller
हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क स्थान :- रत्ना ओटो पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोवाईल :- ९८०११५१४३८

छिटो भनेको WORLDLINK
SPEEDमा BOOST नगदमा छुट
3C Rs. 1,250
6C Rs. 2,200
Enjoy 100+ HD Channels & 150+ SD Channels FREE with WorldLink
*Terms and Conditions Apply
Lahan office: 033-561429, 033-561430 | Mirchaiya: 033550505, | Golbazar: 9801186055, | Kalyanpur: 031-540229

बगैंचा सहितको जग्गा बिक्रीमा
लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, १५ वटा कटहरको रुख, टिक, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।
सम्पर्क नम्बर : ०३३–५६०२१९
मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०



फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

## हाम्रो स्वास्थ्य

# कोरोना भाइरस : खोप के हो ?

कोभिड-१९ को महामारी नियन्त्रण गर्ने प्रयास स्वरूप विश्वभरि समुदाय स्तरमा खोप लगाउने काम सुरू भएको छ ।

सूचना र सल्लाह भ्रमपूर्ण हुन सक्छन् तर केही आधारभूत तथ्य र सूचनाले त्यस्ता वास्तविकता ठम्याउन सहयोग गर्छन् ।

**खोप के हो ?**

खोपले भाइरस, रोग वा संक्रमणसँग लड्न शरीरलाई तयार गर्छ । यसले शरीरको प्रतिरक्षात्मक क्षमतालाई आक्रमण गर्ने तत्वको पहिचान गर्न सघाउँछ ।

यसले एन्टीबडी उत्पादन गरेपछि धेरै बिरामी बनाउने सम्भावना कम हुन्छ तर मानिसहरूले केही असर अनुभव गर्न सक्छन् । अस्थायी खालको ज्वरो र दुखाइको महसुस हुनसक्छ । त्यसपछि तपाईंको शरीरमा रोगसँग लड्ने प्रतिरोधी क्षमताको विकास हुन्छ ।

अमेरिकास्थित सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन सीडीसीले त्यसैले खोप निकै शक्तिशाली हुने बताएको छ । किनकि त्यसले बिरामी निको पार्न र उपचार गर्न प्रयोग हुने अधिकांश औषधिहरूभन्दा खोपले धेरै जीवन बचाउँछ ।

**खोप सुरक्षित छ ?**

प्रारम्भिक चरणमा १० औं शताब्दीमा चिनियाँले खोपको अवधारणा पत्ता लगाएका थिए । तर त्यो सन् १७९६ मा एडवार्ड जेनेरले तुलनात्मक रूपमा सामान्य काउपोक्सको संक्रमणले बिफरबाट जोगाउने कुराको भेउ नपाउँदासम्म सम्भव भएन ।

दुई वर्षपछि उनले आफ्नो अवधारणाको परीक्षण गरे र तथ्यांक प्रकाशित गरे । गाई जनाउने ल्याटीन शब्द भेक्का शब्दबाट विश्वभरि भ्याक्सिन भनी खोपको नामकरण भयो । विश्व स्वास्थ्य संगठन डब्ल्यूएचओका अनुसार २० वटा रोगहरूबाट जोगाउन र बर्सेनि २० देखि ३० लाख मानिसको मृत्यु रोक्न खोपलाई आधुनिक विश्वको एउटा महान् उपलब्धिको रूपमा लिइयो ।

सीडीसीले भनेको छ, बजारमा पठाउनुअघि खोपहरूको व्यापक रूपमा परीक्षण गरिन्छ ।

मानिसहरूमा क्लिनिकल परीक्षण गर्नुअघि त्यसको ल्याब र जनावरमा परीक्षण गरिन्छ ।

जोखिमहरु पनि हुन्छन् तर सबै औषधिहरु जस्तै जोखिमको तुलनामा खोपको लाभको निकै धेरै हुन्छ । उदाहरणका लागि बाल्यकालको रोग करिब एक पुस्ता अधिसम्म आम रूपमा थियो जुन खोपकै कारण निकै कम हुँदै गएको छ । र, करोडौं मानिसको ज्यान लिएको बिफर अहिले पूर्ण रूपमा निर्मूल भइसकेको छ ।

तर सफलता प्राप्त गर्न दशकौं लाग्छ । विश्वव्यापी खोप अभियान सुरु भएको करिब ३० वर्षपछि अफ्रिकाले गत अगस्ट महिनामा मात्र पोलियोमुक्त घोषणा गऱ्यो । विज्ञहरूले चेतावनी दिएका छ कि हामी सामान्य अवस्थामा पुग्ने गरी कोभिड-१९ विरूद्ध विश्वभरिको जनसंख्यालाई खोप दिन महिनौं वा सम्भवतः केही वर्ष लाग्न सक्छ ।

**खोप कसरी बनाइयो ?**

ब्याक्टेरिया, भाइरस, प्यारासाइट वा फङ्गसजस्ता रोगका कारक शरीरभित्र प्रवेश गरेपछि शरीरले त्योसँग लड्न एन्टीबडी उत्पादन गर्न थाल्छ । परम्परागत खोपले दैनिक क्रियाकलापमा किटाणुहरूसँग लड्नुअघि एन्टीजेनको कमजोर वा निष्क्रिय अंश मानिसको शरीरमा उत्पादन गरेर सहयोग गर्छ । त्यसले प्रतिरक्षा प्रणालीलाई वास्तविक किटाणुसँग लडेको जस्तो कार्य गर्न प्रेरित गर्छ । तर कतिपय कोरोनाभाइरस खोप बनाउन नयाँ तरिका अपनाइएका छन् ।

**कोभिड खोपको तुलना**

फाइजर-बायोएनटेक र मोडेर्ना दुवै भाइरसको आनुवंशिक संकेतको रूपमा प्रयोग हुने म्यासेन्जर आरएनए-एम(आरएनए) खोप हुन् ।

बाँकी ४ पेजमा

# चौबाटोमा देशको दशा र दिशा

कुलचन्द्र वाग्ले



"बेइमानी राजनीति'को प्रतिफल देशको भविष्य चौबाटोमा पुगेको छ । भविष्य वर्तमान भएर गुज्रने हुँदा आउने समयले कस्तो दशा र दिशा लिने हो अहिले सम्भावनाहरूमात्र खोतल्न सम्भव छ । र, पनि एउटा निष्कर्ष – सजाय वा कष्ट नेपाली र देश नेपालले भोग्नुपर्ने निश्चित देखिन्छ । देशको भावी दिशालाई चौबाटो अर्थात् यस अन्योलको भुमरीमा भने कम्युनिस्ट भन्नेहरूले नै धकेलेको हो ।

नेपाली समाज किन यतिबेला यतिविघ्न पिरोलिएको छ ? रहरले त यस्तो पिरलो लिएको होइन । समाजको सोख त निश्चिन्त देशले प्रगतिपथ लिओस् भन्ने नै थियो । कम्युनिस्टले समाजको सोखलाई निर्मम धोका दिए र यसको प्रथम पुरूष कम्युनिस्ट प्रधानमन्त्री केपी शर्मा ओली भए ।

प्रगतिशील राजनीतिको नारा दिने कम्युनिस्टहरू व्यवहारमा अनुदार, अवसरवादी र धोकेबाज अनि चरित्रमा सामन्ती हुने देशी विदेशी घटनाले प्रस्ट्याएकै थियो । नेपालका कम्युनिस्टहरूको पनि यस्तो अलोकतान्त्रिक चरित्र पटकपटक पुष्टि भएकै हो र यसपटक त्यो पुनः प्रकट भयो ।

भन्दा कठोर लाग्छ र नमीठो पनि । मुलुकको कुनै राजनीतिक दलप्रति नमीठो टिप्पणी सहज हुँदैन र राम्रो पनि लाग्दैन, मानिदैन । सत्य उद्घाटित गर्न भने त्यस्तै नमीठो उधिन्नै पर्दोरहेछ । सत्य त सत्य हुन्छ, त्यसले मीठो नमीठो रोज्दैन । रोज्ने त हामीले पो रहेछ । नेपालका कम्युनिस्ट खासगरी सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी ( नेकपा) नेपाली राजनीतिको असाध्य दीर्घरोग निदान ( पहिचान) भएको छ । नमीठो तर सत्य टिप्पणी यही हो ।

यही कम्युनिस्टका कारण नेपालको भविष्य पुनः चौबाटोको अन्योलमा छ । राजनीतिमा स्मृति र विस्मृति पातलो वा गाढा दुवै हुन्छ । इतिहासले समेटेर राख्नेबाहेक दुर्दिन पनि नयाँ भविष्य वा सम्भावना देखे भने मानिसले चाँडै बिर्सिन सक्छन् । मानिस क्षमाशील पनि हुन्छ । बिर्सिदिने र क्षमाशील नेपाली चरित्रको सबैभन्दा बढी शोषण कम्युनिस्टहरूले नै गरेका छन् । इतिहास हेरे थाहा हुन्छ । यसको अर्थ अरू राजनीतिक शक्ति दूधले धोएका भन्न खोजिएको होइन । यस मामलामा चाहिँ तुलनाको तराजु कम्युनिस्टले नै भाँटेका छन् ।

पार्टी झगडाले उत्पन्न क्रोधमा प्रतिनिधि सभाको 'अवैध' विघटन गर्ने कम्युनिस्ट सरकारले फैलाएको अन्योलबीच सम्भावना अनेक छन् । पहिलो त लोकतान्त्रिक संविधान निरस्त हुनेछ । सातौं संविधानको अभ्यासमा रहेका हामीलाई जनसहभागी संविधान सभाबाट प्राप्त संविधान पनि परास्त हुने घटना विश्वको लागि कठोर उदाहरण हुनेछ । परास्त संविधानसँगै यसले लिएको सबै राजनीतिक उद्देश्य, उपाय निरस्त हुनु हो ।

संविधान त अनिवार्य छ तर लोकतान्त्रिक संविधान परास्त गरिँदा पछि पाउने संविधान कस्तो प्रणालीको र संविधान दिने कसले ? यो सम्भावना अनिश्चित र भयदायी छ । अहिलेको संविधानले हार्नु भनेको नेपालले आफ्नो जीवनमा पाएको पहिलो संविधान सभाले नै पराजय बेहोर्नु हो ।

सम्भावनाको अर्को विकल्पमा गणतन्त्र फालिने हो कि ? राजतन्त्र फर्कने हो ? सजिलै यो सम्भावना साकार होला र ? तर 'राजा आऊ देश बचाऊ' वा 'राजा ल्याऊ देश बचाऊ'(राप्रपाको नारा) भन्नेहरूले देखेको सपना भने यही हो । विगतमा राजतन्त्रले लोकतन्त्र बचाएको पनि देखिँदैन र देश बचाएको भन्ने पनि कसोरी ? इतिहास कोट्याएर लामो उदाहरण दिन खाँचो छैन, त्यसो त देश अहिले राजा नभए पनि त बाँचेकै छ ।

'भैंसीको सिङ भिराएको बाख्रोजस्तो संघीयता' र राजतन्त्र उन्मूलनपछिको गणतन्त्रलाई 'बयलगाडा'मा बसाएर न्यूयोर्क नगरलाई उपहार पठाइदिने जोखिम पनि त्यत्तिकै छ भनिन्छ । 'संघीयता र गणतन्त्र' जुम्ल्याहा जन्माएको संविधान परास्त गरिनुको सम्भावित परिणाम जुम्ल्याहा नरहनु जस्तै त हुने होला ? पशुपतिनाथमा नित्य पुजाअर्चना गरेर धर्मकर्म सम्पादन भएको मान्ने नेपालीलाई धर्मनिरपेक्षता असह्य हुनु स्वाभाविक हो । उनीहरूलाई धार्मिक एकाधिकारको नशा लाग्यो त अरूलाई पनि हुने यस्तै हो । अमेरिकामा नवनिर्वाचित राष्ट्रपति जो बाइडेनले बाइबलमाथि हात राखेर शपथ खाएको हालैको दृश्य पनि त प्राप्त छ ।

धर्मनिरपेक्षता बोक्ने संविधानलाई कम्युनिस्टहरूले खड्ग प्रहार गरे त हिन्दु भन्नेलाई कस्तो लाग्यो ? स्वाभाविक भन्दा सकिउन्जेल धकेल्ने सम्भावना यता पनि छ कि ?

चित्त नबुझेका धेरैका धेरै कुरा संविधानसँग होलान्, छन् । तिनलाई सुन्नका खातिर सुधार, परिमार्जन वा संशोधन गर्ने बाटो पनि संविधानले नै देखाएको छ । सम्भावनाको यो बाटो दुई तिहाइ पुग्नसक्ने उपायबाट कम्युनिस्ट सरकारले तराई मधेस, आदिवासी, जनजाति, धर्माकम्बी वा अरू कसैको पनि माग वा उचित आवश्यक सुनुवाइ, समाधान र सुल्झाउने काम गरेन । बरू संविधान नै भत्काउन उद्यत रह्यो ।

बरू, संविधान निर्माणको बेला नेतृत्व दिने प्रधानमन्त्री सुशील कोइरालाले संविधान संशोधनको ढोका उघारिदिएका थिए । ढोकाबाट पसेर सहमतिले समस्या समाधानको उज्यालो सम्भावना खोज गर्ने सहज बाटो छोडेर कम्युनिस्ट सरकार जस्केलाबाट छिरेर घर नै जलाउन लागेको छ । संविधान (राजनीतिक घर) जोगाउनु भनेको मूलतः लोकतन्त्र बचाउनु हो । लोकतन्त्र बाँचेमात्रै नागरिक स्वायत्तता र सार्वभौमिकता सबै बाँच्ने छन् ।

यादमा आफ्नै जीवन दिन फर्किएर हेर्दा नेपाली राजनीतिमा आवश्यक विषयमा विमर्श कम वा शून्य र अनावश्यक विषयमा अनावश्यक अर्थात् अति विमर्श भएको भेटिन्छ । यसको कारक 'कथित' राजनीति र दलहरू हुन् । यसपछि विमर्शदायी नागरिक समाज ।

उदाहरणका लागि यो संविधानसँग विभिन्न क्षेत्र वा वर्गले राखेको अपेक्षा र माग विषयमा राजनीतिक तहबाट खुला र पारदर्शी विमर्श हुनु, गर्नुपर्ने होइन र ? तर त्यसो गरिएन । अनावश्यक विवाद खडा गरियो । अहिले ओली समूहको कम्युनिस्ट सरकारले त्यस्तै खराब विवाद र उल्झनमा देशलाई फसाएको छ ।

जनताको माग सम्बोधन गर्न राजनीतिक सहमति हुनुपर्ने । सहमतिले संविधान संशोधन गर्न सकिन्छ वा जनमत संग्रह गर्न आवश्यक विषय भए पनि सहमति जुट्नुपर्ने । यस्ता विषयमा कतै विमर्श भएन सहमति खोजिएन । सधैँ भयो त सत्ता बाँडफाँट वा स्वार्थको गठबन्धनमा । संविधान बनाउन बाध्यात्मक सहमति भयो तर यसको कार्यान्वयमा जुन स्वःस्फूर्त सहमति चाहिन्थ्यो त्यो भएन, कम्युनिस्टले त झन् भत्काई दिने नै भए ।

सत्ता स्वार्थको गठबन्धन नेकपामा झगडाको फिलिङ्गो राज्य स्रोतको दोहनमा हिस्सेदारी नमिल्दा सल्किएको हो । कम्युनिस्टबीचको स्वार्थले क्रमशः फैलिँदै बढेको डँडेलोले संविधान, लोकतन्त्र र अन्ततः देशलाई नै सखाप पार्ने डर बढ्दैछ । कम्युनिस्ट ओली सरकारले विकास, स्थिरता र शान्तिको अपेक्षा आकाश फलजस्तै बनायो । देशलाई पुनः अप्रिय द्वन्द्वको चरणमा प्रवेश गरायो ।

काम चलाउ प्रधानमन्त्री ओलीको हतासाजन्य आक्रोश सुन्दा लाग्छ उनको निर्णयका आलोचकहरू सबै लोकतन्त्र, संविधान र देश विरोधी हुन् । यस्तो निकृष्ट वा अराजक आरोप लगाउँदै, सुनाउँदै हिँड्ने प्रधानमन्त्रीको यस्ता भनाइ सुन्ने जति वा देशकै लागि लाज हो ।

संविधान, लोकतन्त्र र देशभक्तिको प्रतिबद्धतामा कसैमाथि लाञ्छना लगाउने कुनै अधिकार र हैसियत कम्युनिस्ट नेता ओलीसँग छ ? ओलीको कीर्तन गान गर्नेहरू नै ती प्रतिबद्धताका हकदार

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज नयाँ पद र प्रतिष्ठा पाईने संभावना छ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । मन प्रसन्न र खुसी पनि रहनेछ ।

**वृष** :- विद्या र नयाँ ज्ञान बढ्नेछ । आकस्मिक धन लाभ हुनेछ । दाम्पत्य जीवन सुखमय हुनेछ, तर सामाजिक र धार्मिक कार्यमा खर्च बढ्न सक्छ ।

**मिथुन**:- आज एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । शत्रु र विपक्षी पराजित हुन सक्छन् । विपरित वर्गको भेट र साथ मिल्ने राम्रो योग छ ।

**कर्कट** :- आज लाभदायक यात्रा हुनेछ । नयाँ कार्यको महत्वपूर्ण योजना बन्नेछ । शेयर बजार र व्यापार, व्यवसायबाट लाभ मिल्नेछ ।

**सिंह**:- आज शंका तथा डरका कारण बनिसकेको काममा दुविधा उत्पन्न हुन सक्छ । भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला ।

**कन्या** :- धर्म, कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ । रोकिएको धन र व्यापार, व्यवसायमा लाभ मिल्नेछ । यात्राको योग पनि छ ।

**तुला** :- आज मनमा सात्विक विचारहरु र अनुहारमा चमक आउनेछ । शुभ समाचार सुन्न पाइएला । सामाजिक क्षेत्रमा सफलता पनि मिल्नेछ ।

**वृश्चिक** :- नयाँ कामको थालनी या योजना बन्ने । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । न्यायिक कार्यमा सफलता मिल्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ ।

**धनु** :- आज मनमा सात्विक विचारहरु र अनुहारमा चमक आउनेछ । शुभ समाचार सुन्न पाइएला । सामाजिक क्षेत्रमा सफलता पनि मिल्नेछ ।

**मकर**:- नयाँ कामको थालनी या योजना बन्ने । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । न्यायिक कार्यमा सफलता मिल्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ ।

**कुम्भ**:- यात्रा गर्दा सचेत हुनुपर्नेछ । महत्वपूर्ण अवसर गुम्न सक्नेछ । झन्झटिलो काम लाईपर्लो । नजिकका व्यक्तिबाट विश्वासघात हुन सक्छ ।

**मिन** :- आज दाजु भाईबाट सहयोग र ससुराली पक्षसंग सम्बन्ध राम्रो बन्नेछ । कृषि कार्यबाट लाभ मिल्नेछ । आफन्त संग भेट घाट पनि हुनेछ ।

# मन्त्री लीलानाथ आफ्नो घर चोहर्वामा बस्न नसक्ने प्रदेश सभा सदस्य यादवको चेतावनी

**लहान ।** नेकपा प्रचण्ड–नेपाल समूहका नेता तथा प्रदेश सांसद प्रमोद यादवले कानुनमन्त्री लीलानाथ श्रेष्ठले झुठको खेती गरिरहेको आरोप लगाएका छन् ।

कम्युनिस्ट नेता पूर्व सांसद हेमनारायण यादवको १७ औं स्मृतिदिवसको अवसरमा सिरहामा श्रद्धाञ्जली अर्पण गर्दै प्रदेश सभा सदस्य यादवले मन्त्री श्रेष्ठमाथि आक्रोस पोखे । उनले मन्त्री श्रेष्ठ आफ्नो घर चोहर्वामा बस्न नसक्ने चेतावनी समेत दिए ।

'आफू सिसाको घरमा बसेर मन्त्री श्रेष्ठ अरूको घरमा ढुंगा फाल्दैछन्,' सांसद यादवले भने, 'हेर्दै गर्नुस् उनको आफ्नै घर भत्किन्छ ।' यादवको आक्रोश उनको परिवारमा मन्त्री श्रेष्ठले फुट ल्याएको तर्फ थियो । नेकपा विभाजन भएपछि डाक्टर नविन यादव केही नेता कार्यकर्तासहित ओली समूहमा छन् । प्रमोद यादव भने नेपाल–प्रचण्ड समूहमा छन् ।

उनले संसद विघटन संवैधानिक रहेको भन्दै सूर्य चिन्ह र नेकपा पार्टी आफुहरुकै रहने जिकिर गरे । प्रदेश सभा सदस्य यादवले भने 'यहाँ पार्टी कार्यालयको शिलान्यास भयो । तर एउटा ईटा जोड्न सकेन । ४० लाख त ५० लाखको योजना भन्दै शिलान्यास गर्दै हिडे पनि अहिलेसम्म कुन कुन काम भयो ? कतै भएन ।'

स्वर्गिय यादवको हत्यारालाई हालसम्म कारबाही भएकोमा प्रदेश सभा सदस्य यादवले दुःखव्यक्त गरे ।

# 'नेपाली कांग्रेस संविधान रक्षाका लागि जुनसुकै हदसम्म जानसक्छ' : नेतृ चित्रलेखा यादव



**सिरहा ।** पूर्व शिक्षा मन्त्री तथा नेपाली कांग्रेसका नेतृचित्रलेखा यादवले संविधान रक्षाको लागि नेपाली कांग्रेस जस्तो सुकै कदम उठाउन तयार रहेको बताएकी छन् ।

सिरहाको गोलबजारमा नेपाली कांग्रेसको भातृ संगठन नेपाल किसान संघ र नेपाल तरूण दलद्वारा आयोजित विरोध कार्यक्रमलाई सम्बोधन गर्दै नेतृ यादवले प्रधानमन्त्री केपी शर्मा ओलीले असंवैधानीक ढंगले गरेको संसद विघटन विरूद्ध नेपाली कांग्रेस अग्रमोर्चामा रहने बताएकी हुन् ।

उनले संविधानको भावना र मर्मविपरीत प्रधानमन्त्री ओलीले संसद विघटन गरेको प्रति आक्रोश व्यक्त गर्दै नेतृ यादवले संसद पुनस्थापना गरी केपी ओलीलाई प्रधानमन्त्रीको कुर्सिबाट झारेरै छोड्ने बताइन् । उनको भनाइ थियो 'नेपाली कांग्रेसले प्रम ओलीलाई कुर्सिबाट हटाएर असंवैधानीक कदम सच्याउँछ, यसमा तयाईहरू ढुक्क हुनुहोस् ।'

मन्तव्यकै क्रममा नेतृ यादवले तीन वर्षमा नेपाल जस्तो गरिब मुलुकले धान्न नसक्ने जीकिर गरिन । 'प्रधानमन्त्रीको सनकको भरमा संसद विघटन हुने र निर्वाचन गराउने कुरा ठिक छैन । यस्तो खालको निर्वाचन हाम्रोजस्तो मुलुकले धान्न सक्दैन,' नेतृ यादवले भनिन् ।

विरोध कार्यक्रममा कांग्रेस सिरहा जिल्ला सभापति तथा संविधानसभा सदस्य रामचन्द्र यादव, गणेश मण्डल लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

## हिम्मत भए...

अवस्थामा भएको यो विघटन पूर्ण रूपले संवैधानिक छ र निर्धारित मितिमा चुनाव पनि निर्वाध रूपले सम्पन्न हुन्छ ।'

चुनावी सभा झैं गाउँ गाउँबाट जनता भेला गरिएको स्मृति सभामा प्रधानमन्त्री ओलीले तोकिएकै मितिमा चुनाव हुने भएकाले देश बनाउने पक्षधरलाई जिताउन आव्हान गरे । 'संसद विघटन गरेर ताजा जनादेशका लागि तपाईहरूमाझ आएको छु,' उनले भने 'विकासको पक्षमा आउने शक्तिलाई साथ दिएर जिताउनुस ।' उनले आफ्नो जीवन रहेसम्म विकास र सुशासनलाई पूर्ण रूपले स्थापित गरी देशलाई नयाँ र समृद्ध नेपालको रूपमा विश्वभर चिनाउने प्रयासमा लागिरहने बताए ।

केही तत्वहरूले जनतालाई भड्काएर र अन्यौलमा राखेर भत्काउने र बिगार्ने कामहरू मात्र गर्न जानेको उल्लेख गर्दै जनतालाई भड्काउने र अन्यौलतामा राख्ने त्यस्ता तत्वहरूको षडयन्त्रलाई चिर्दै आफूले देश बनाउने काममा मात्र ध्यान दिन थालेको बताए । 'वर्षौदेखि विकास र सुशासनमा पछि परेको हाम्रो देशमा म प्रधानमन्त्री भएपछि बल्ल चारैतिर विकास र समृद्धिका कार्यक्रमहरू अगाडि बढेको छ', उनले भने, 'मुलुक विकास, समृद्धि र सुशासनतर्फ लम्कन थालेपछि त्यसदेखि आत्तिएर केही तत्वहरूले मांसाहारी आन्दोलन गर्नुपर्छ भनेर जनतालाई उकासिरहेका छन् तर त्यस्ता तत्वहरूलाई म भन्न चाहन्छु, अबको नेपालमा कुनै मांसाहारी आन्दोलनको आवश्यकता छैन, त्यस्तो दृष्टता पनि नगर्नुहोस् ।'

'अरबमा एकातिर युवाहरू पसिना चुहाएर त्यहाँबाट आर्जन गरेका सम्पत्ति नेपाल भित्र्याइरहेका छन् भने अर्कातिर आफूलाई नेता भनाउने केही व्यक्तिले जनतालाई आन्दोलनमार्फत रगत चुहाउने प्रयास गर्दैछन्, प्रधानमन्त्री ओलीले भने 'यसतर्फ सबै नेपाली सचेत हुनुपर्छ र जनतालाई ठग्ने र अल्मल्याउने त्यस्ता तत्वहरूलाई आउँदो वैशाख १७ र २७ गतेको निर्वाचनबाट मतदानद्वारा पाखा लगाउनुपर्छ ।'

घरमै बसेर नागरिक एपमार्फत सेवा र सुविधा लिन पाउने प्रवृति विकास भएको र पहाडदेखि तराईसम्म विकासका लहर आउन लागेका बेला कोकोहोलो मच्याएर यसलाई रोक्न खोज्ने प्रयास ती तत्वहरूबाट भइरहेको उनको आरोप थियो ।

बाँकी ४ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३–५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान– | ७०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔँ, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔँ । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔँ । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔँ । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔँ । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔँ । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौँ ।**

लहान नगरपालिका कार्यालय, सिरहा

कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा

सुखिपुर नगरपालिका कार्यालय, सिरहा


कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

# प्रधानमन्त्रीको कार्यक्रमका लागि मन्त्रीले मागे चन्दा


नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.)
सिरहा
मिति: ०७७/१०/१६
श्रीमान् श्रीमती
विषय : आर्थिक सहयोग सम्बन्धमा ।
यही आउँदो २०७७।१०।१९ गते सोमबारका दिन शहिद क. हेम नारायण यादव को १७ औं स्मृति सभा सम्माननीय प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) का प्रथम अध्यक्ष क. के.पी. शर्मा ओली ज्यूको प्रमुख आतिथ्यमा सम्पन्न हुने भएकोले सो कार्यक्रमलाई सफल पार्नको निमित आर्थिक सहयोग गरी दिनु हुन अनुरोध छ ।
(लिलानाथ श्रेष्ठ)
केन्द्रीय कमिटी सदस्य
तथा
सिरहा जिल्ला ईन्चार्ज
नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.)



प्रधानमन्त्री केपी शर्मा ओलीको कार्यक्रमका लागि मन्त्रीले नै चन्दा मागेका छन् ।

सिराहा सदरमुकाममा सोमबार हुन गइरहेको स्व. हेमनारायण यादवको १७ औं स्मृति सभामा सहभागी हुन प्रधानमन्त्री ओली आउँदैछन् । उक्त कार्यक्रमका लागि कानुनमन्त्री लिलानाथ श्रेष्ठले सरकारी कार्यालयसँग चन्दा मागेका छन् ।

मन्त्री श्रेष्ठ नेकपाका सिराहा इन्चार्ज हुन् । उनकै हस्ताक्षरमा सरकारी कार्यालयमा आर्थिक सहयोग माग्दै पत्राचार गरिएको छ । स्व. हेमनारायण यादवको १७ औं स्मृति दिवसका लागि मन्त्री श्रेष्ठले विभिन्न कार्यालयमा पत्र मार्फत आर्थिक सहयोग माग गरेका छन् । कार्यालयहरूमा पठाइएको पत्रमा रकम उल्लेख नगरिएपनि मन्त्री श्रेष्ठले रू. ५० हजारसम्म उपलब्ध गराउन दबाब दिएको एक कार्यालय प्रमुखले बताएका छन् ।

## हिम्मत भए...

२०५६ सालमा तत्कालीन नेकपा एमालेबाट सिरहा क्षेत्र नम्बर ४ का लागि निर्वाचित सांसद हेम नारायण यादवको धनगढी पार्टीको बैठकमा भाग लिन जाने क्रममा पूर्व-पश्चिम राजमार्गको कसाहास्थित गागन खोलाको दोस्रो पुलबाट २०६० माघ १९ गते अपहरण भएको थियो ।यादवको शव भोलिपल्ट अपहरण भएको स्थानभन्दा ३० किलोमिटर टाढा कमला नदीको पुलभन्दा ५ सय मिटर दक्षिणमा तत्कालीन लवटेली-४ को पोर्ताहामा फेला परेको थियो । सांसद यादवको हत्या भएको १५ वर्ष बितिसकेपनि हत्यारा पक्राउ गर्न सकेको छैन । हत्या भएको माघ १९ को सम्झनामा सिरहामा सांसद यादवको स्मृति सभा मनाउँदै आएको छ । नेकपाको एकीकरण हुने बेलामा नेता केपी ओलीलाई पहिलो अध्यक्षमा प्रचण्डले प्रस्ताव र माधवकुमार नेपालले समर्थन गर्नुभएको हो भने आफूहरूले ताली बजाएको स्मरण गर्दै जलश्रोतमन्त्री टोपबहादुर रायमाझीले स्मृति सभामा भने 'यसैगरी संसदीय दलको नेतामा केपी ओलीलाई प्रचण्डले प्रस्ताव र माधवकुमार नेपालले नै समर्थन गरेपछि फेरि पनि हामीले ताली बजाएका हौं, फेरि किन यस्तो रडाको ?'

'विकास र सुशासनको निमित्त बखेडा गरेको भए त हामीले प्रचण्डलाई साथ दिने थियौ तर पद र प्रतिष्ठाको लागि बखेडा गरेको हुनाले हामीले प्रचण्डलाई साथ दिएनौं' उनले भने 'एकातिर पार्टीको पहिलो अध्यक्ष र प्रधानमन्त्रीमा ओली नै ठीक हो भन्ने, अर्कोतिर उहाूलाई पूरा कार्यकाल टिक्नै नदिने, यो कस्तो षडयन्त्र हो ?'

## कोरोना...

कमजोर वा निष्क्रिय एन्टीजेनलाई प्रयोग गर्नुको बदला तीनले एन्टीबडी बनाउन आवश्यक पर्ने प्रतिरोधी क्षमता सक्रिय तुल्याउन कोभिड-१९ को भाइरसको सतहमा भेटिने प्रोटिन तीव्र वृद्धि कसरी गर्ने भन्ने सिकाउँछ ।

अक्सफोर्ड-एस्ट्राजेनेका खोप फरक छ । यही खोप नेपालमा भारतको सहयोगले आइपुगेको हो । वैज्ञानिकहरूले चिम्पान्जीहरूलाई संक्रमित गर्ने सामान्य रूघाको भाइरसलाई परिवर्तन र कोभिड-१९ को अनुवांशिक संकेतका अंशलाई थप गरेका छन् । तीनवटै खोपले अमेरिका र ब्रिटेनमा प्रयोगको निम्ति अनुमति पाएका छन् । मेक्सिको, चिले र कोस्टारिकाले फाइजर भ्याक्सिन प्रयोगमा ल्याइसकेका छन् । ब्राजिल सरकारले अक्सफोर्ड र सिनोभ्याक खोपलाई अनुमति दिने संकेत दिएको छ।

**अरु खोप पनि छन् ?**

बेइजिङस्थित सिनोभ्याकले विकास गरेको कोरोनाभ्याक खोप पनि चीन, सिंगापुर, मलेशिया, इन्डोनेसिया र फिलिपिन्समा लगाइँदै छ र त्यसमा मृत भाइरसको अंशको प्रयोगको परम्परागत विधि अपनाइएको छ ।

टर्की र इन्डोनेसियामा गरिएको पछिल्लो परीक्षणबाट प्राप्त अन्तरिम तथ्यांकलाई लिएर त्यसको वास्तविक प्रभावकारितामाथि प्रश्न उठाइएको छ । ब्राजिलमा अनुसन्धानकर्ताहरूले ५०.४ प्रतिशत मात्र प्रभावकारी देखिएको बताएका छन् ।

भारतमा अक्सफोर्ड विश्वविद्यालयसँग मिलेर एक्ट्राजेनेकाले विकास गरेको कोभिशील्ड र स्थानीय भारत बायोटेकको कोभ्याक्सिन खोप लगाउन थालिएको छ । रूसले भाइरसको परिवर्तित संस्करण प्रयोग गरिएको आफ्नै खोप स्पुतनिक भी प्रयोग गरिरहेको छ ।

**के सबैलाई खोप चाहिन्छ ?**

खोप सबैतिर अनिवार्य गरिएको छैन । तर मेडिकल कारणले गर्दा लगाउन नहुने सानो संख्या बाहेक अधिकांशलाई लगाउन ठिक भनिएको छ । सीडीसीका अनुसार खोपले जसले लगाउँछ उसलाई कोभिड-१९ हुन दिन्न र त्यो व्यक्तिबाट सर्नबाट अरूलाई पनि जोगाउँछ । जसलाई उसले महामारी नियन्त्रणको महत्त्वपूर्ण साधन भनेको छ ।

डब्ल्यूएचओले ६५ देखि ७० प्रतिशत मानिसहरूलाई खोपको खाँचो पर्ने अनुमान गरेको छ । जसको अर्थ धेरै मानिसलाई त्यसको निम्ति प्रेरित गर्ने देखिन्छ । केही मानिसले कोभिड खोपको उत्पादनको गतिलाई लिएर चिन्ता व्यक्त गरेको पाइन्छ । सत्य पनि हो वैज्ञानिकहरूले खोपको परीक्षण र योजनामा वर्षौं बिताउँछन् र विश्वव्यापी स्वार्थको निम्ति समाधान खोज्न कामलाई गति दिएका छन् । त्यसैका निम्ति डब्ल्यूएचओले वैज्ञानिक, व्यापारी र स्वास्थ्य सङ्गठनहरुसँग संयोजन गरिरहेको छ ।

संक्षेपमा अर्बौं मानिसलाई खोप दिंदा कोभिड-१९ को संक्रमण रोक्छ र प्रतिरोध क्षमता विकास भएको अवस्था अर्थात् हर्ड इम्यूनिटीको बाटो खुला गर्छ । त्यसरी खोप दिइएपछि हामी छिट्टै सामान्य जनजीवनमा फर्किन सक्छौं ।*साभार :बिबिसी न्युज*

## चौबाटोमा...

हुन् भनेको कि के ? यस्ता भनाइ प्रजातन्त्र शब्द घोकेर हुकुमी शासन गर्ने दमनकारी मनसाय हो कि के ?

'स्थिर' भनिएको कम्युनिस्ट सरकारले उब्जाएको द्वन्द्वको बहानामा संकटकाल थोपर्ने जोखिम पनि छ । कम्युनिस्ट ओली समूहका प्रधानमन्त्री केपी ओलीले राष्ट्रपतिसँगको मिलेमतोमा संविधान र लोकतन्त्रमाथि गरेको प्रहार नेपाली समाजको अहिले पहिलो चुनौती हो । थप रचिने सरकारी षड्यन्त्रलाई परास्त गरेर लोकतन्त्र बचाउन सकेमात्र देशको दशा दिशामा सकारात्मक मिर्मिरे देखिनेछ ।*साभार : बाह्रखरीबाट*


## मोटरसाइकल हरायो

**तपसिल बमोजिम मेरो निम्न व्यहोरा भएको लु.४९प १९११ नम्बरको डिस्कभर १२५ सीसी निलो रंगको मोटरसाइकल मिति २०७७।१०।१२ गते कमला नगरपालिका-५ धनुषा (लक्कड) बाट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिन हुन अनुरोध गर्दछु ।**

**नाम : मदन कर्ण**

**च्यासिस नं. : MD2B44BYKPL04525**

**इन्जिन नं. : JZYRKL53083**

**सम्पर्क न. : ९८०१५१८१८७**



## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा





लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्युटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)